# देवघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल

प.सं.:

च.नं..:

मितिः २०८०/०२/१०

विषयः आगामी आ.व.२०८०/०८१ को प्रस्तावित कार्यक्रम सहित सूचिकृत हुने सम्बन्धमा ।

श्री देवघाट गाउँपालिका कार्यक्षेत्र हुने गैरसरकारी संघ/संस्था सबै ।

उपरोक्त विषयमा यस देवघाट गाउँपालिका क्षेत्रभित्र सञ्चालित सबै गैरसरकारी संघ/संस्थाहरुले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ को उपदफा (२) को खण्ड (ख) बमोजिम आफ्नो वार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय तहको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समाबेश गराउनु पर्ने व्यवस्था भए बमोजिम तहाँ संघ/संस्थाबाट आगामी आ.व.२०८०/०८१ मा देवघाट गाउँपालिका क्षेत्रभित्र सञ्चालन गरिने योजना तथा कार्यक्रमहरुको विवरणका अतिरिक्त देहायका कागजातहरु समेत संलग्न राखी मिति २०८०/०२/२४ गतेभित्र अनिवार्य रुपमा सूचिकृत गर्नु हुन जानकारी गराइन्छ । सूचना प्रकाशन पश्चात समेत सूचिकृत हुन नआउने गैरसरकारी संघ/संस्थालाई देवघाट गाउँपालिका क्षेत्रभित्र योजना तथा कार्यक्रम सञ्चालन गर्न कुनै पनि किसिमको अनुमति, स्वीकृति, सहमति वा कार्यसम्पन्न प्रमाण पत्र नदिइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

१ संस्थाको अधिकारिक निवेदन-पत्र,
२. नवीकण सहितको संस्था दर्ता प्रमाण-पत्र,
३. आ.व. ०७८/०७९ सम्मको कर चुक्ता प्रमाण-पत्र,
४. अघिल्लो आ.व. को लेखा परीक्षण प्रतिवेदन,
५. आगामी आ.व २०८०/०८१ को प्रस्तावित योजना, कार्यक्रम तथा बजेट ।

................

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

फोनः ०५६-५०००६८, ५०००७२